# लगानीकर्ता संरक्षण कोषको सचिवालय

# त्रिपुरेश्वर काठमाण्डौ

## मुद्दती निक्षेप सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हान गरिएको बारे

मिति २०७९।०१।२१ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम यस लगानीकर्ता संरक्षण कोषको सचिवालयमा रहेको रकम रु ८००००००.०० (अक्षेरुपी रु आठ करोड) मुद्दती निक्षेपमा लगानी गर्नु परेकोले नेपाल राष्ट्र बैंकबाट निर्धारित मापदण्डको अतिरिक्त तल उल्लेखित शर्तहरु पूरा गरेका नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" बर्गका इच्छुक वाणिज्य बैंकहरुले आफुले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको व्याज तथा व्याज भुक्तानी प्रकृया समेत खुलाइ लगानीकर्ता संरक्षण कोषको सचिवालयले तोकेको शिलबन्दी प्रस्ताव सम्बन्धी फाराम भरि मिति २०७९।०२।०४ गते मध्यान्ह १२:०० बजे भित्र यस कोषको आर्थिक प्रशासन शाखामा बुझाउन हुन प्रस्ताव आव्हान गरिएकोछ।

**शर्तहरु**

(क) बैंक संचालनमा आएको कम्तिमा ५ बर्ष पुरा गरेको ।

(ख) बैंक लगातार पाँच बर्ष देखि मुनाफामा रहेको।

(ग) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्युनतम पुँजी कोष कायम गरेको ।

(घ) निस्क्रिय कर्जा (NPL) कुल कर्जा सापटको ३ प्रतिशत भन्दा कम भएको ।

(ङ) खुद तरल सम्पति स्वदेशी निक्षेप को कम्तिमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

(च) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात नेपाल राष्ट्र बैंकले समय-समय मा निर्धारण गरेको सिमा भित्र रहेको ।

(छ) नेपालराष्ट्र बैंक ऐन,२०५८ को दफा ८६ बमोजिम कारवाहीमा परि समस्या ग्रस्त घोषणा नभएको। समस्या ग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको एक बर्ष अवधि पुरा भएको ।

(ज) सर्वसाधारणको लागि छुट्याएको सेयर जारी गरि नेपाल स्टक एक्सचेन्ज लि. मा सुचिकृत भएको।

(झ) यस सूचना बमोजिम बैंकहरु बाट पेश हुन आएका प्रस्ताब पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कोषमा निहित रहनेछ ।

(ञ) यस सूचना बमोजिम भएको सम्झौता नविकरण गर्ने वा नगर्ने भन्ने विषयमा कोषले निर्णय गर्नेछ ।

(ट) विशेष अवस्था परेको खण्डमा बाहेक कोषले मुद्दती निक्षेपमा राखीएको रकम फिर्ता लिन चाहेमा एक महिना अगावै सम्बन्धीत बैंकलाइ जानकारी गराई रकम फिर्ता लिन सक्नेछ ।

**नोट**ः १. प्रस्ताव पेश गर्ने बैंक हरुले माथि उल्लेखित शर्त तथा नेपाल राष्ट्र बैंकबाट निर्धारित मापदण्ड पुरा गरेको व्यहोराको घोषणा शिलबन्दी प्रस्तापपत्र साथ पेश गर्नु पर्नेछ ।

२. रितपूर्वक दर्ता हुन आएका शिलबन्दी प्रस्ताव मिति २०७९।०२।०४ गते अपरान्ह २:०० बजे यस कोषको सचिवालय (कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर) मा प्रस्तावदाता वा निजका प्रतिनिधीहरु समेतको रोहवरमा खोलिनेछ तर प्रस्तावदाता वा निजका प्रतिनिधीहरुको अनुपस्थितीमा पनि प्रस्ताव खोल्न सकिनेछ ।

# प्रस्ताव पेश गर्ने पत्रको ढाँचा

श्री अध्यक्षज्यू,
लगानीकर्ता संरक्षण कोषको सचिवालय,त्रिपुरेश्वर काठमाण्डौ ।

बिषय: शिलबन्दी प्रस्ताव पेश गरेको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा त्यस कोषमा रहेको रकम वाणिज्य बैंकमा मुद्दती निक्षेपमा लगानी गर्ने सम्बन्धमा तहांबाट मिति२०७९।०१।२१ मा शिलबन्दी प्रस्ताव आव्हान भए बमोजिम उल्लेखित सबै शर्तहरु यस बैंकले पुरा गरेको घोषणा गर्दै देहायको तालिकामा उल्लेखित ब्याजदरमा सोहि तालिकामा उल्लेख भए बमोजिमको रकम मुद्दती निक्षेपमा लिन ईच्छुक भएकोले सोहि प्रयोजनकोलागि यो शिलबन्दी प्रस्ताव पेश गरेका छौं।

(क) लिन चाहेको निक्षेपको विवरण

| क्र.सं. | प्रस्तावित ब्याजदर | | अवधि | लिन चाहेको निक्षेप रकम(रु करोडमा) | | ब्याज भुक्तानी प्रकृया मासिक/त्रैमासिक | प्रस्ताव मान्य हुने अवधी |
|---|---|---|---|---|---|---|---|
| | अंकमा | अक्षरमा | | न्यूनतम | अधिकतम | | |
| | | | | | | | |

(ख) आर्थिक वर्ष ...............................को ..................महिनाको यस ..................लि. को वित्तिय परिसूचकहरु निम्नानूसार रहेको छ ।

| क्र.सं. | विवरण | इकाइ | प्रतिशत/रकम | कैफियत |
|---|---|---|---|---|
| १ | प्राथमिक पूँजी कोष अनुपात | प्रतिशत | | |
| २ | पूँजी कोष अनुपात | प्रतिशत | | |
| ३ | निष्कृय कर्जा अनुपात | प्रतिशत | | |
| ४ | खुद तरल सम्पती/ स्वदेशी निक्षेप अनुपात | प्रतिशत | | |
| ५ | कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजीकोष अनुपात | प्रतिशत | | |
| ६ | नाफा/ नोक्सान हिसाव | | | |
| | क. निकटतम अघिल्लो पाँच वर्ष | रकम रु लाखमा | | |

| | | | | |
|---|---|---|---|---|
| | ख. चालु अवधी | रकम रु लाखमा | | |
| ७ | रियल स्टेट कर्जा अनुपात | प्रतिशत | | |
| ८ | कुल निक्षेप | प्रतिशत | | |
| ९ | चुक्ता पूँजी | रकम रु लाखमा | | |
| १० | संस्थागत निक्षेप/कुल निक्षेप अनुपात | प्रतिशत | | |
| ११ | संचालन भएको वर्ष | | | |
| १२ | नेट वर्थ प्रति शेयर | | | |

(ग) यस............................................................ लि. को सम्बन्धमा देहाय बमोजिमको थप विवरण समेत पेश गर्दछौं ।

१. आ.व. ..............................देखि आ.व................................सम्मको नाफा नोक्सान विवरण ।
२. निक्षेप गरिने संस्थाको कुनै पनि संचालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी संचालकलाइ नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाहि गरेको अवस्था छ/छैन । (त्यस्तो कारवाहि भएकोमा एक वर्ष पुरा भए नभएको व्यहोरा खुराउने ।)
३. संस्था नेपाल राष्ट्र बैंकको शिघ्र सुधारात्मक कारवाहीमा परेको छ/छैन । (त्यस्तो कारवाहि भएकोमा एक वर्ष पूरा भए नभएको व्यहोरा खुलाउने ।)
४. संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहिमा परी समस्याग्रस्त घोषणा भएको छ वा छैन । (त्यस्तो कारवाहीमा परेको भए सो फुकुवा भएको एक वर्ष अवधी पूरा भए नभएकोव्यहोरा खुलाउने )।
५. सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी सकेको र मिति.................................मा नेपाल स्टक एक्स्चेञ्ज लि. मा सूचिकृत भइसकेको ।
६. साथै यस................................................लि. को मिति ................................मा प्रकाशित पछिल्लो वित्तिय विवरण यसै प्रस्तावसाथ संलग्न छ ।

संस्थाका आधिकारिक पदाधिकारीको
दस्तखत.........................................
नाम..............................................
पद................................................
सम्पर्क फोन नं............................................

संस्थाको नाम.......................................
ठेगाना
छाप

द्रष्टव्यः प्रस्ताव साथ माग गरिएको विवरण खुलाउने कागजात संलग्न गरिएको छ ।